गाउँ कार्यपालिकाको ऐन संख्या : ४

# शान्तिनगर गाउँ कार्यपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

गाउँ सभाबाट स्वीकृत मिति : २०७४/११/३०

शान्तिनगर गाउँ कार्यपालिका

चिराघाट, दाङ, ५ नं. प्रदेश नेपाल

# शान्तिनगर गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

प्रमाणीकरण मिति : २०७४/१२/०४

## २०७४ सालको ऐन नं. ०३

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकिय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम शान्तिनगर गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१ **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम "शान्तिनगर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन शान्तिनगर गाउँपालिका क्षेत्रभित्र तुरून्त लागू हुनेछ ।

२ **परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले शान्तिनगर गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले शान्तिनगर गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले शान्तिनगर गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३ **नियम बनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार संञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त शान्तिनगर गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४ **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउ सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही शान्तिनगर गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागूगर्न सक्नेछ ।

शान्तिनगर गाउँपालिका